पाल्हीनन्दन गाउँपालिका फोन नं. ९८५७०४६०३६
Palhinandan Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
कुश्मा, नवलपरासी (ब.सु.प.) लुम्बिनी प्रदेश,नेपाल
Kushma, Nawalparasi (Ba. Su. Pa.),Lumbini Province, Nepal

पत्र संख्या:-/ Ref No. ०७९/८०
चलानी नं.:-/ Dispatch No :

श्री सामुदायिक, संस्थागत तथा धार्मिक विद्यालयहरु सबै, मिति: २०७९/११/०४

पाल्हीनन्दन गाउँपालिका नवलपरासी (ब.सु.प.)।

**राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता २०७९ सञ्चालन सम्बन्धि सूचना।**

चालु शैक्षिक सत्र २०७९ मा १८ वर्ष भन्दा मुनिका कक्षा १२ सम्म नियमित अध्ययनरत छात्रा/छात्रहरु बीच आ×आफ्नो समूहमा स्थानीय तह स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता २०७९ अन्तर्गत पाल्हीनन्दन गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिको मिति २०७९/११/०४ को निर्णयानुसार मिति २०७९ फागुन १० गते देखि फागुन १२ गतेसम्म श्री हरपुर माध्यमिक विद्यालय पाल्हीनन्दन २ को खेलमैदानमा देहाय अनुसार राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन हुने भएकाले प्रतियोगितामा सहभागी हुन राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका २०७० (चौथो संशोधन सहित) को अनुसूची १ अनुसार फारम भरी आवश्यक कागजातहरु सहित रीतपूर्वक प्रतियोगिता आयोजक समक्ष मिति २०७९ फागुन ९ गते दिउँसो १: ०० बजेभित्र सहभागी खेलाडीहरुको विवरण पेश गर्नु हुन सम्बन्धित विद्यालयहरुलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ।

तपसिलः

१. **भालिबलः** छात्र तथा छात्रा दुवै तर्फ

२. **कबड्डी :** छात्र तथा छात्रा दुवै तर्फ

३. **एथ्लेटिक्सः**

**क ) दौड (ट्र्याक )तर्फः**

**छात्र :** १०० मि. , २०० मि., ४०० मि., ८०० मि. , १५०० मि. , ३००० मि., ४ x १०० मि. रिले, ४ x ४०० मि. रिले
**छात्राः** १०० मि, २०० मि. ,४०० मि., ८०० मि. , १५०० मि., ३००० मि., ४ x १०० मि. रिले, ४ x ४०० मि. रिले,

**ख) उफ्रने र फ्याक्ने (फिल्ड) तर्फः**

छात्रः हाइजम्प, लङ्गजम्प, त्रिपलजम्प, ज्याभलिङ्ग थ्रो ८०० ग्राम, सटपुट १२ पाउण्ड
छात्राः हाइजम्प, लङ्गजम्प, त्रिपलजम्प, ज्याभलिङ्ग थ्रो ६०० ग्राम, सटपुट ८ पाउण्ड

४. **मार्सल आर्ट तर्फ : (कराँते, तेक्वान्दो)**

क) कराँते (प्रत्येक तौल समूहका १/१ जना)
छात्रः U '४२ के.जी., U '४७ के.जी., U '५२ के.जी. काता एकल
छात्राः U '४० के.जी., U '४५ के.जी., U '५० के.जी. काता एकल

ख) तेक्वान्दो (प्रत्येक तौल समूहका १/१ जना)
छात्रः U '४५ के.जी., U '४८ के.जी., U '५१ के.जी. काता एकल
छात्राः U '४२ के.जी., U '४४ के.जी., U '४६ के.जी. काता एकल

2065/11/08

Website: http:// palhinandanmun.gov.np, Email:
palhinandanrulmun2073@gmail.com,info@palhinandanmun.gov.np

CamScanner

पाल्हीनन्दन गाउँपालिका फोन नं. ९८५७०४६०३६
Palhinandan Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
कुश्मा, नवलपरासी (ब.सु.प.) लुम्बिनी प्रदेश,नेपाल
Kushma, Nawalparasi (Ba. Su. Pa.),Lumbini Province, Nepal

पत्र संख्या:-/ Ref No. ०७९/८०
चलानी नं.:-/ Dispatch No :

नोट:-

१) एथ्लेटिक्स प्रतियोगितामा प्रत्येक विद्यालयले रिले खेलका हकमा महिला तथा पुरुष रिलेको प्रत्येक इभेन्ट्समा १/१ समूह मात्र र अन्य प्रत्येक इभेन्ट्समा १/१ खेलाडीलाई सहभागी गराउन सक्नेछन्। एथ्लेटिक्स् इभेन्ट्सका प्रत्येक खेलाडीले बढीमा एक फिल्ड दुई ट्र्याक वा फिल्ड एक ट्र्याकमा भाग लिन पाउने छन्।

२) प्रत्येक विद्यालयले भलिबल र कबड्डी खेलतर्फ बढीमा ९/९ जनासम्म खेलाडी छात्र/छात्राहरु पठाउन सक्नेछन्।

३) चालु शैक्षिक सत्र-२०७९ मा गाउँपालिका भित्रका विद्यालयहरुमा कक्षा १२ सम्म नियमित रुपमा अध्ययनरत रहेका १८ वर्ष मुनिका विद्यार्थीहरु मात्र प्रतियोगितामा सहभागी हुन पाउने छन।

४) प्रतियोगितामा सहभागी हुनका लागि खेलाडीहरुको जन्म दर्ताको सक्कलै प्रमाण पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

५) अन्तर्राष्ट्रियस्तरको प्रतियोगितामा पदक विजेता खेलाडीलाई यस प्रतियोगितामा सहभागी गराइने छैन।

६) प्रतियोगिता सम्बन्धी अन्य व्यवस्था राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका, २०७०, (चौथो संशोधन सहित) अनुसार हुनेछ।

बोधार्थ:
श्री सूचना तथा प्रविधि शाखा, पाल्हीनन्दन गाउँपालिका:
यो सूचना वेभ साइटमा अपलोड गर्नुहुन।

2079/11/08